**प्रस्तावः मिति २०७७/०३/२८ गते आइतबार ८७ औं कार्यपालिका बैठक**

१. विपद व्यवस्थापन सम्वन्धमा
२. क्वारेन्टाइनमा व्यवस्थापन सम्वन्धमा
३. लैङ्गिक हिंसा प्रभावितका लागि प्रदेशस्तरीय दीर्घकालीन पुनर्स्थापना गृहका जग्गा उपलब्ध गराउने
४. श्री शहिद कृष्णसेन बहुप्राविधिक शिक्षालयलाई जग्गा भोगाधिकार दिने सम्वन्धमा
५. शिक्षा समितिको निर्णय सम्वन्धमा
६. विद्यालयको नाम सच्चाउने सम्वन्धमा
७. विज्ञापन कर सम्वन्धमा
८. राजश्व शुल्क फिर्ता सम्वन्धमा
९. भुक्तानी सम्वन्धमा
१०. IEE गर्ने सम्वन्धमा
११. जोखिम भत्ता सम्वन्धमा
१२. भेरियसन आदेश नं. १ (VO1) सम्वन्धमा

**निर्णय नं. १ः**

घोराही उपमहानगरपालिकाअन्तर्गत सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७७/०३/२४ गतेको बैठकको तपशिल बमोजिमको निर्णय अनुमोदन गर्ने ।

१.१ घोराही उपमहानगरपालिका वडा नं. १९ को च.नं. ७४५ मिति २०७७/०३/२७ को सिफारिस पत्र तथा संलग्न प्रहरी मुचुल्का समेतका आधारमा मिति २०७७/०३/२२ गतेका दिन अचानक घरमा आगलागी भई प्रभावित श्री दलबीर दमाईलाइ राहत स्वरूप बढीमा (५) पाँच बन्डल जस्तापाता स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

१.२ घोराही उपमहानगरपालिका वडा नं. १० को च.नं. ३६०० म्मिति २०७७/०३/२२ को पत्रानुसार भचना मर्मतको लागि प्राविधिक ल.इ. अनुसार ढुंगा वा इट्टा ढुवानी गर्दाको खर्च स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

१.३ घोराही उपमहानगरपालिका वडा नं.१५को च.नं. ६८२० मिति २०७७/०३/१९ को पत्रानुसार ह्युमपाइप खरिदको भुक्तानी माग भै आएकोमा सो का लागि खरिद शाखाको राय तथा नगर प्रमुखज्युको निर्देशन अनुसार विल बमोजिमको रकम स्थानीय विपद व्यवस्थापन कोष बाट उपलब्ध गराउने ।

**निर्णय नं. २:**

२.१ घोराही उपमहानगरपालिकामा कोरोना महामारी समयमा विदेशबाट आएका कोरोना शंकास्पद व्यक्तिहरु क्वारेन्टाइनमा सुरक्षित बस्नका लागि विभिन्न सामग्री खरिद गरि वितरण गरेकोमा हाल क्वारेन्टाइन खाली हुदै गरेको हुँदा क्वारेन्टाइनमा प्रयोग भएका खर्च भएर जाने र खर्च भएर नजाने सबै सामग्रीहरु विद्यालयहरुलाई हस्तान्तरण गर्ने।

२.२ कोभिड १९ महामारी नियन्त्रण सम्वन्धमा विदेशबाट आएका नागरिकलाई कोरोना संक्रमण नियन्त्रण गर्न विद्यालयमा रहेका क्वारेन्टाइनहरू वर्षातको कारणले बाढी पहिरो तथा सर्प दंशले थप विपद आउन सक्ने भएकोले संक्रमित क्षेत्र तथा देशबाट आउने नागरिकलाई आफ्नै घरमा सुरक्षित तरिकाले क्वारेन्टाइनको मापदण्ड अनुसार कम्तिमा तिन हप्ता सम्म सुरक्षित रुपले बस्न लगाउने र लक्षण नदेखिएकाहरुको "कोभिड १९ राष्ट्रिय परिक्षण निर्देशिका" बमोजिम पिसिआर परिक्षण नगर्ने।

**निर्णय नं.३:**

घोराही उपमहानगरपालिका वडा नं. १७ को मिति २०७७/०३/२८, च.नं. ३४८९ को पत्रानुसार प्रदेश नं. ५ सामाजिक विकास मन्त्रालय प्रशासन तथा योजना महाशाखाको च.नं. ३९०५ मिति २०७७/०३/२३ को प्राप्त पत्र बमोजिम प्रदेश सरकारको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रहेको संघ र प्रदेश सरकारको साझेदारीमा निर्माण गरिने भनिएको लैङ्गिक हिंसा प्रभावितका लागि प्रदेश स्तरीय दिर्घकालीन पुर्स्थापना गृहका लागि आवश्यक जग्गाको व्यवस्था गर्न भनि लेखि आएकोले उल्लेखित मापदण्डमा आधारित यस वडाको कटहीमा रहेको साविक हरिद्वार २ ख कि.नं. ५९७ को क्षेत्रफल (२४-०-०) मध्ये कटही ड्यामको पूर्व दक्षिण तर्फको (२-०-०) जग्गामा उक्त गृह निर्माणका लागि वडा समितिको निर्णयको प्रतिलिपि सहित पेश हुन आएको हुँदा माथि उल्लेखित जग्गा लैङ्गिक हिंसा प्रभावितका लागि प्रदेश स्तरीय दिर्घकालीन पुर्स्थापना गृहका लागि उपलब्ध गराउने ।

**निर्णय नं. ४ः**

घोराही उपमहानगरपालिका वडा नं. १०कोमिति २०७७ /०३/२८ गते च.नं. ३६६४ को पत्रानुसार श्री सिद्धरत्ननाथ नमुना मा.वि., नारायणपुर दाङको च.नं. ४२० मिति २०७७/०३/२६ गतेको प्राप्त पत्रमा उक्त विद्यालयको दर्ता श्रेस्ता भएको जग्गामा डिप्लोमा तहका कक्षा संचालन गर्न श्री शहिद कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालयबाट माग भै आएको र त्यस विद्यालयको व्यवस्थापन समितिको मिति २०७६/०३/२६ गतेको निर्णय अनुसार उक्त संस्थालाई भौतिक संरचना निर्माण गरि विभिन्न प्राविधिक विषय अध्यापन गर्नका लागि श्री सिद्ध रत्ननाथ मा.वि. को नाममा दर्ता श्रेस्ता भएको घोराही-१० जलौरामा अवस्थित नारायणपुर ५ क कि.नं. ६०८७ मध्ये पूर्वतर्फ जलौरे कुलोबाट १२मि. बाटो र कभर्ड हलका लागि दिइएको जग्गा साथै सामुदायिक भवन बाहेक साविक प्रा.वि.वि.पी. बाटिका सेरोफेरोको २ विगाह जग्गाको भोगाधिकार दिने साथै संस्थाको आवश्यकता अनुसार थप जग्गा नारायणपुर ३ क कि.नं. १ को जग्गा ४-६-४ क्षेत्रफल भएको जग्गा पनि भोग चलन गर्न दिने भनि विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि सहित पेश हुन आएको हुँदा उक्त उल्लेखित जग्गा श्री कृष्णसेन इच्छुक बहुप्रबिधिक शिक्षालयलाई भोग चलन गर्न दिने ।

**निर्णय नं. ५ः**

घोराही उपमहानगरपालिका अन्तर्गत नगर शिक्षा समितिको मिति २०७७/०३/२६ गते बसेको निर्णयअनुसार आ.व. २०७६/०७७ मा ५ नं. प्रदेशको प्रदेशस्तरीय विशेष शिक्षा आवासीय विद्यालय श्री बाल मन्दिर आधारभूत विद्यालयमा निकाशा हुने रु १००००००।- (अक्षरुपि एक करोड), विद्यालय भूकम्पीय सुरक्षा कार्यक्रम (रेक्टोफिटिङ) को लागि श्री सिद्धरत्ननाथ नमुना माध्यमिक विद्यालय नारायणपुरमा निकाशा हुने रु. १५०००००।-(अक्षरुपि पन्ध्र लाख) र श्री पद्मोदय नमुना माध्यमिक विद्यालय भरतपुरमा नमुना विद्यालयको रु.१५००००००।-(अक्षरुपि एक करोड पचास लाख) कोभिड १९ को कारणले सङ्घीय सरकारबाट लकडाउन घोषणा भई विद्यालयहरु बन्द रहेको साथै विद्यालयमा क्वारेन्टाइन भएको र पद्मोदय पब्लिक नमुना मा.वि. भरतपुरमा आइसोलेसन समेत राखिएको अवस्थाले गर्दा विद्यालयले तोकिएको समयमा कार्यसम्पन्न गर्न नसकेकोले माथि तोकिए बमोजिम रकम विद्यालयको खातामा कार्यसम्पन्न नहुँदा सम्म उक्त रकम रोक्का राख्ने गरि हाललाई विद्यालयको खातामा निकाशा गर्ने। विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानतर्फको संरचना निर्माणाधीन अवस्थामा रहेको र रकम फ्रिज हुँदा भैरहेको संरचनामा थप क्षति पुग्न गई थप हानीनोक्सानी हुने देखिएकोले भैसकेको कामको प्राविधिक मुल्यांकन अनुसार रनिङ बिलका आधारमा भुक्तानी दिने र बाँकी रकम विद्यालय/उपभोक्ता समितिको खातामा जम्मा गरी खाता रोक्का राख्ने ।

**निर्णय नं. ६:**

घोराही उपमहानगरपालिका वडा नं. १३ मा रहेको गोदावरी इङ्गलिस मिडियम स्कुलको मिति २०७७/०३/२६ गते, च.नं. ११/०७७ को प्राप्त पत्रानुसार "बराहक्षेत्र विद्या मन्दिर" घोराही-८ दाङको नाम परिवर्तन भै "गोदावरी इङ्गलिस मिडियम स्कुल" घोराही-१३ दाङ कायम गरिएको र सोहि बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय काठमाण्डौ एवं तत्कालिन जिल्ला शिक्षा कार्यालय दाङबाट समेत संशोधन भएता पनि घोराही उपमहानगरपालिकाको मिति २०७५/०१/०७ गते बसेको २७ औं बैठकबाट संस्थागत विद्यालयहरुको कक्षा थप गर्ने क्रममा "गोदावरी इङ्गलिस बोर्डिंग स्कुल" हुन गएकोले कक्षा १० (दस)को अनुमति -पत्रमा समेत विद्यालयको नाम "गोदावरी इङ्गलिस बोर्डिंग स्कुल" भएको हुँदा उक्त "गोदावरी इङ्गलिस बोर्डिंग स्कुल" नाम सच्चाई "गोदावरी इङ्गलिस मिडियम स्कुल" (Godawari English Medium School) कायम गर्ने ।

**निर्णय नं. ७:**

घोराही उपमहानगरपालिका आगामी आ.व. २०७७/०७८ को लागि विज्ञापन कर उठाउने ठेक्का र जडिबुटी, कवाड, जीवजन्तु कर ठेक्का आह्वान गर्ने ।

**निर्णय नं. ८:**

घोराही उपमहानगरपालिका वडा नं. १० निवासी श्री विष्णु प्रसाद गौतमले घर अभिलेखीकरणका लागि रु.२४५६८|- राजश्व दाखिला गर्नु भएको र प्राविधिक कारणले कार्य सम्पन्न हुन नसकेको हुँदा दाखिला गरेको राजश्व फिर्ता पाउँ भनि निवेदन पेश गर्ने भएको र बुझ्दा उहाँको अभिलेखीकरणको काम नभएको देखिएकोले उक्त रकम फिर्ता दिने।

**निर्णय नं. ९:**

९.१ घोराही उपमहानगरपालिका वडा नं. १० मा क्वारेन्टाइन व्यवस्थापनका लागि विनियोजित रकम अपुग भएको हुँदा अपुग रकम रु. १,४९,१५६ (अक्षरुपि एक लाख उनान्पचास हजार एक सय छपन्न) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

९.२ घोराही उपमहानगरपालिका वडा नं. ३को वडा स्तरीय कार्यक्रम छाडा चौपायाको लागि कान्जी हाउस निर्माणका लागि बिनियोजित रकम रु. १०००००।- सातौ नगर सभाबाट कोरोना रोकथाम तथा नियन्त्रण शिर्षकमा रकमान्तर गरेता पनि उक्त कार्यक्रम सम्पन्न भएको हुँदा सो योजना निर्माण वापतको रकम' रु. १०००००।- स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

**निर्णय नं. १०:**

घोराही उपमहानगरपालिका अन्तर्गत आ.व. ०७७/०७८ मा नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खननका लागि तपशिल बमोजिमका खोलाहरुमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने।

| क्र.स. | वडा नं. | खोलाको स्थान | कैफियत |
|---|---|---|---|
| १. | १ | बबई खोला, सिमलतारा देखि चुरे खोला दोभान बिचमा | |
| २. | २ | चाक्लीघाट, अर्जुन खोला, मैने देखि माथि पिप्ले देखि तल | |
| | | बालीमखोला, वालापुर देखि कालिमाटी सम्म | |
| | | बबई खोला, बालापुर देखि सातटले सम्म | |
| ३. | ३. | बबई बालीम दोभान | |
| | | गोग्ली सोता दोभान | |
| | | कटुवा खोला दोभान | |
| | | बबई नदि, भैस्कुर्मा बाटो तल रनघरा माथि | |
| ४. | ४. | सिस्नेखोला, पालुथान देखि बबई | |
| | | बालीमखोला, कालिमाटी देखि बबई | |
| | | पालुथान देखि त्रिपन्ने खोला सम्म | |
| ५. | ५. | धारापानी घाट | |
| | | डोलगाउँ घाट | |
| | | रामघाट | |
| | | कचिलागनारघाट | |
| | | घुस्राघाट | |
| | | हल्लरेघाट | |
| | | धौलुडांडाघाट | |
| ६. | ६. | लखुवार रामघाट, बबई नदि | |
| | | लमडरुवा, बबई नदि | |
| | | जजरागाउँ नर्सरी, बबई नदि | |
| | | अघरा चैनपुर, मा.वि. जजरागाउँ स्कुलनेर, कटुवा खोला | |
| | | जजरागाउँ, बबई कटुवा दोभान | |
| | | चैनपुर अघरा, कटुवा सिस्ने दोभान | |
| ७. | ७ | डबरगाउँ, बुधौरा घाट | |
| | | सुक्रवार बुधौराघाट | |

| | | | |
|---|---|---|---|
| | | सौडियार सौडीघाट | |
| | | जबरपुर शनारी घाट | |
| | | वेसाही सौडीघाट | |
| ८. | ८ | गुर्जे(जंगवा) खोला, घोराही तुलसीपुर सडकको गुर्जे खोला पुलको ५०० मि. देखि दक्षिण दुन्द्रा जंगवाघाट सम्म | |
| | | बबई नदिको दुन्द्रा जंगवाघाट देखि पश्चिम मछाही घाट सम्म | |
| ९. | ९. | हापुर खोला कजवेदेखि दक्षिण मुकुन्डांडा सम्म | |
| | | अस्परा घाट देखि दक्षिण कोठरी सिमाना सम्म | |
| १० | ११. | हापुर खोला, चाघुघाट, खैरीघाट, बरुवागाउँ घाट | |
| | | पत्रे खोला घोराही-तुलसीपुर सडक खण्डको पुलको ५०० मि. उत्तर | |
| | | पैरेनी दोभान | |
| | | बुका खोला | |
| | | आखघारी | |
| ११ | १२ | गांसे कुलो र भवानी कुलोको बीच भागमा | |
| | | सतिघाटदेखि झुलुंगे पुलको विच भाग | |
| | | झुलुंगे पुल देखि रतनपुर जानेपुलको विच भाग | |
| | | रतनपुर पक्की पुलदेखि निघुवारको पक्की पुलको बीच भाग | |
| १२ | १३ | सेवार खोला, ढोरेनी घाट | |
| | | गुर्जे खोला, गुर्जे पेनिया कुलोमाथि | |
| १३ | १४ | घोराही-तुलसीपुर सडक खण्डको सेवारखोलादेखि अटोभिलेज हुँदै बसपार्क, ढोडेनी, रानीजरुवासम्म | |
| | | लमही-घोराही सडक खण्डको कटुवा खोला देखि १८ नं. वडाको शवदाह सम्म | |
| १४ | १५ | कटुवा खोला पुल देखि दक्षिण तर्फ | |
| १५ | १६ | अटोभिलेज देखि दक्षिण वृद्धाआश्रम हुँदै सेवार खोला र गुर्जे खोलाको दोभान | |
| १६ | १७ | कटुवाखोला, गरुवा पिपल देखि माथि ५००मि. सम्म र तल अगरा कुलोको मोहडा सम्म | |
| | | कटुवा खोलामा अगरा कुलोदेखि तल इट्टा भट्टा जाने बाटो सम्म | |

| | | | |
|---|---|---|---|
| | | इट्टा भट्टा जाने बाटो देखि तल कटुवा खोला र सिस्नेखोला दोभानसम्म | |
| | | सिस्नेखोलामा लमही घोराही सडक खण्डको पुलको ५०० मि. दक्षिण देखि कटुवा खोला र सिस्ने खोला दोभान सम्म | |
| १७ | १८ | कटुवा खोला, शंखे पिपल देखि उत्तर कैने सोता सम्म | |
| १८ | १९ | कटुवा खोला, बेलौनी बजार देखि माथि सतियाघाट सम्म | |
| | | बाम्ला खोला,सतिया घाट देखि माथि रालाबाङ सम्म | |
| | | कटुवा खोला, सतिया घाट माथि पलासे सम्म | |

**<u>निर्णय नं. ११ः</u>**

कार्यपालिकाको ७८ औं बैठकबाट लकडाउनको अवधिमा कार्य गर्ने स्वास्थ्यकर्मी लगायत कर्मचारीलाई केन्द्र सरकारले निर्धारण गरे बमोजिम जोखिम भत्ता उपलब्ध गराउने निर्णय भएको र सो सम्वन्धमा केन्द्र सरकारबाट हालसम्म ठोस निर्णय हुन नसकेको हुँदा जोखिमको अवधीमा अंग्रपक्तिमा रहेर कार्य गर्ने स्वास्थ्यकर्मी कर्मचारीलाई शुरु तलब स्केलको ७५% र अन्य स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई शुरु तलब स्केलको ५०% जोखिम भत्ता उपलब्ध गराउने ।

**<u>निर्णय नं. १२ः</u>**

ठेक्का नं. NCB/WORK/GSMC/१८/२०७६/२०७७ घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित नेपाल आर्मी व्यारेक देखि गुलरिया पार्क फुटपाथ सहित सडक पिच निर्माण (दामोदर चोक देखि तुलसीपुर चोक खण्ड) योजनाका लागि मूख्य आइटमहरु Brick Masonary Work, Reinforcement and Asphalt Concrete Peach Work आदि कार्यमा मात्रा (quantity) बढी हुन आएकोले शुरु सम्झौता रकम रु.९१,५३,३०३।६५ (एकानब्बे लाख त्रिपन्न हजार तिन सय तिन रुपैया पैसठ्ठी पैसा) भ्याट बाहेक टेण्डर स्वीकृत भएकोमा प्राविधिक ल.इ. अनुसार २४.९७% बढी VO1 गर्नुपर्ने भनि प्रतिवेदन प्राप्त भएकोले ठेक्का कबोलको स्वीकृत दररेटमा नबढ्ने गरी भेरिएसन स्वीकृत गर्ने ।